# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८०/०८१
च.नं. : १८६६

मितिः २०८१/०३/०७
नेपाल सम्बत् ११४४

**विषयः- भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा।**

**श्री सरोकारवाला सबै,**
**लालझाडी गाउँपालिका, शंकरपुर, कंचनपुर।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) र (२) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा एक साता अगावै भुक्तानी दिई भुक्तानी/निकासा बन्द गरी हिसाब मिलान सहित तालुक निकायमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको च.नं. २५२, मिति २०८१/०३/०२ गतेको पत्रानुसार स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) **मिति २०८१/०३/२४ गते राती १२ बजे देखि बन्द हुने** भएकाले यस गाउँपालिकाका चालु प्रकृतिका कार्यक्रमहरु असार १५ गतेभित्र र पूँजीगत प्रकृतिका योजनाहरु असार २० गते भित्र सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजातहरू अनिवार्य रूपमा आर्थिक प्रशासन शाखामा पेश गर्नहुन सम्बन्धित कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत अन्य सरोकारवाला सेवाग्राहीलाई जानकारीको लागि अनुरोध छ। साथै तोकिएको समयमा आवश्यक कागजात आर्थिक प्रशासन शाखामा पेश नभएमा वा सुत्र प्रणालीमा अत्यधिक चापले गर्दा सर्भर/ईन्टरनेट डाउन भई भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नहुने व्यहोरा जानकारी गरिन्छ।

(वसन्त बहादुर धानुक)
आर्थिक शाखा प्रमुख

(राज बहादुर सार्की)
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**
श्री गाउँपालिका अध्यक्ष ज्यू,
श्री गाउँपालिका उपाध्यक्ष ज्यू,

**वोधार्थः**
श्री सम्पूर्ण विषयगत शाखा, लालझाडी गाउँपालिका, कंचनपुर।
श्री सम्पूर्ण वडा कार्यालय, लालझाडी गाउँपालिका, कंचनपुर।
श्री सूचना प्रविधि शाखा, वेवसाइट/आधिकारिक सामाजिक संजालमा सूचना अपलोड गर्न हुन।